# समग्र

सीमान्तकृत मानिसहरूको
सशक्तीकरणमा
सामाजिक परिवार !

अंक-५५, पौष, २०७४


## भित्र


स्थानीय तह सञ्चालनसम्बन्धी कार्यशाला..................................२

निर्वाचनका लागि नागरिक सचेतना .....................................३

सुशासन तथा मानवअधिकार प्रशिक्षण ....................................४

सुशासन कार्यक्रमको समिक्षा ४

सामाजिक परिवारलाई बाकस वितरण .......................................५

सेवादायी निकायको सामाजिक परिवारमा भ्रमण ......................५

नयाँ संविधान सम्बन्धी जानकारी ...................................७

दु:ख छिचोलेर गाउँकी अगुवा .८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org





# दाइजोमा सुधारको पहल

सिरहा : समग्र विकास सेवा केन्द्रको आयोजनामा सिरहाको लहानमा २०७४ पुस १३ गते दाइजो (दहेज) प्रथा र सुधारका पहल विषयक अन्तर्क्रिया सम्पन्न भयो । समाजमा कुसंस्कारको रूपमा रहेको दहेज प्रथाको सुधारका लागि स्थानीय रूपमा सरोकारवालाहरूको सशक्तीकरण गर्दै नीति निर्माण तहसम्म पैरवी गर्ने उद्देश्यले उक्त अन्तर्क्रिया आयोजना गरिएको थियो । कार्यक्रममा प्रदेश नम्वर २ को प्रदेशसभाका ज्येष्ठ सदस्य एमालेका लगनलाल चौधरीले आफ्नो अनुभव सुनाए, 'पहिले कम खर्चमा विवाह हुन्थ्यो तर अहिले महँगो हुँदै गइरहेको छ । दहेज प्रथाले समाजलाई धेरै घाटा पुऱ्याएको छ । सबै संघ-संस्था, सरकारी निकाय, नागरिक समाज सबै मिलेर जनचेतना जगाउनु जरुरी छ ।'

चौधरीले समाजमा आफ्नो जीवनकालमै देखेभोगेका कथा सुनाए, 'छोरीलाई बढाउने, सीप सिकाउने र मागी विवाह कम गर्दै स्वयम् वर छान्ने चलनलाई प्रश्रय दियो भने दहेज प्रथा कमजोर हुँदै जानेछ ।'

लहान नगरपालिकाका उपमेयर सरियार चौधरीले भनिन्, 'विषयवस्तु असाध्यै गम्भीर र महत्वपूर्ण छ। आर्थिक उन्नति हुँदै गएपछि दहेज प्रथा बढ्दै जान्छ । होटल र पार्टी प्यालेसमा विवाह गर्ने चलन बढेको छ । लेनदेन केटा र केटीको बाबुसँग गर्ने चलन छ । रोजगारी बढाउने, आवश्यक परामर्श गर्ने, महिलालाई अंश दिने आदि उपायले पनि दहेज प्रथा कम हुँदै जान्छ । म लहान नगरपालिकाभित्र यो विकृति रोक्न आवश्यक पहल गर्नेछु ।'


*बाँकी पृष्ठ ६ मा*

# स्थानीय तह सञ्चालनसम्बन्धी कार्यशाला

काठमाडौं । समग्र विकास सेवा केन्द्रले स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू तथा त्यहाँ खटिएका कर्मचारीहरूलाई संघीय राज्यको नयाँ पुर्नसंरचनाबारे थप जानकारी गराई स्थानीय तहबाट प्रवाह हुने सेवा सुविधालाई सरल बनाउन सघाउने उद्देश्यले विभिन्न गाउँपालिका तथा नगरपीलकाहरूमा स्थानीय तह सञ्चालनसम्बन्धी दुईदिने कार्यशालाहरु सम्पन्न गरेको छ ।

**महोत्तरीको** गौशाला नगरपालिकामा २०७४ मसीर २९ र पुस १ गते दुईदिवसीय कार्यशाला सम्पन्न भयो । उक्त कार्यशालामा राज्यको मूलभूत संरचना, राज्यशक्ति तथा अधिकारको बाँडफाँड, नेपालको संविधान र कानूनमा स्थानीय सरकारको गठन विधि र अधिकारक्षेत्र, तीन तहका कार्यपालिकाहरू-केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारवीचको सम्वन्ध, स्थानीय तहको काम, कर्तव्य र अधिकार, स्थानीय तहको बैठक र कार्य प्रणाली, न्यायिक कार्यसम्बन्धी व्यवस्था, स्थानीय तहको स्रोत व्यवस्थापन, वित्तीय अधिकारक्षेत्र, स्थानीय तहको प्रशासकीय सँगठन र कर्मचारी व्यवस्था स्थानीय तहको सम्पति संरक्षण सम्बन्धी व्यवस्था अन्य व्यवस्था सहभागितामूलक योजना निर्माणको अवधारणालगायत विषयमा प्रशिक्षण तथा छलफल गराइएको थियो । नगरपालिकाका प्रमुख शिवनाथ महतोले कार्यशालाको उद्घाटन तथा समापन गरेका थिए । उनले कार्यशालाको सान्दर्भिक रहेको र यसले नगरपालिको कार्य सञ्चालनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । नगरपालिका उपप्रमुख आशा लामाले यस किसिमको तालिमको आयोजना गरेकोमा समग्र विकास सेवा केन्द्रलाई धन्यवाद दिँदै भनिन्, 'तालिमको पूर्ण सफलताको कामना गर्दछु ।' कार्यशालालाई अधिवक्ता मिलन श्रेष्ठले कानुनी विषयहरूमा सहजीकरण गरेका थिए भने योगराज थपलिया 'गाउँले'ले योजना निर्माणको विषयमा सहजीकरण गरेकाथिए । कार्यशालामा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारी गरी ३९ जनाको सहभागिता थियो ।

**रौतहट :** स्थानीय तह सञ्चालन सम्बन्धी कार्यशाला २०७४ पौष ३ र ४ गते गुजरा नगरपालिकामा सम्पन्न भयो । कार्यशालामा निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारी र नागरिक समाजका अगुवाहरू गरी ५९ जनाको सहभागिता थियो । कार्यशालालाई अधिवक्ता मिलन श्रेष्ठ, प्रशिक्षक योगराज थपलिया 'गाउँले' र समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारीले सहजीकरण गरेका थिए । कार्यशालाको उद्घाटन नगरप्रमुख सन्तलालप्रसाद चौधरीले गरेका थिए ।

**धादिङ :** गंगाजमुना गाउँपालिकामा पुस ७ र ८ गते कार्यशाला सम्पन्न भयो । कार्यशालामा जननिर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरू गरी ४७ जनाको सहभागिता थियो ।

कार्यशालामा बोल्दै गंगाजमुना गाउँपालिका अध्यक्ष बलबहादुर अधिकारीले तालिम असाध्यै महत्वपूर्ण भएको बताउँदै सबैलाई नागरिकको सेवामा लाग्न अनुरोध पनि गरे । समग्र विकास सेवा केन्द्रसँग आवश्यक सहकार्य गरेर अगाडि बढ्न सकिने विचार व्यक्त गरे ।

सहभागीहरूलाई स्वागत गर्दै उपाध्यक्ष एञ्जिला तामाङले समग्र विकास सेवा केन्द्रले

बाँकी पृष्ठ ६ मा



# निर्वाचनका लागि नागरिक सचेतना




काठमाडौं । समग्र विकास सेवा केन्द्रले युएसएआईडी/आईफेजको सहकार्यमा नौ वटा जिल्लामा निर्वाचनसम्बन्धी नागरिक सचेतना कार्यक्रम सम्पन्न गरेको छ । ती जिल्लाहरूमा प्रदेश नम्बर २ का सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र प्रदेश नम्बर ३ को सिन्धुली जिल्ला रहेको छ ।

नेपालको इतिहासमै पहिलोपटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैपटक सम्पन्न हुन लागेको बेला निर्वाचनमा नागरिक सहभागिता बढाउन र बदर मत घटाउन सघाउने मुख्य उद्देश्यले यो सचेतना कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रमअन्तर्गत हरेक जिल्लामा २५ जना समूहको सहजकर्ता तयार गरी उनीहरूकै सहयोग र समग्र विकास सेवा केन्द्रका कार्यकर्ताहरूबाट प्रत्येक जिल्लामा १२ वटा अभिमुखीकरण र नमूना मतदान गरिएका थिए । हरेक जिल्लामा नौ वटा लोकगीत प्रतियोगिता पनि सम्पन्न गरिएका छन् । सबै ठाउँमा जम्मा गरी १०८ नमूना मतदान र ८१ लोकगीत प्रतियोगिता सम्पन्न भए । कार्यक्रममा महिला १२,६३२ र पुरुष १०,४५९ गरी जम्मा २३,१०६ जना प्रत्यक्ष सहभागी भएका थिए ।

कार्यक्रमले निर्वाचनसम्बन्धी जानकारीका साथै सही तरिकाले मतदान गर्न सहयोग पुऱ्याएको थियो । निर्वाचनसँग सम्बन्धित निकाय तथा सरोकारवालाहरूसँग पनि हातेमालो गरिएको थियो । निर्वाचनका बारेमा प्रचारप्रसारका लागि समग्र विकास सेवा केन्द्रले विभिन्न एफएम रेडियोबाट सही किसिमले मतदान गर्नेसम्बन्धी सन्देश प्रसारण गरेको थियो ।

रेडियो बादलबाट भोजपुरी, रेडियो एकताबाट भोजपुरी र मैथिली, रेडियो वर्दिबासबाट नेपाली र मैथिली, रेडियो समगबाट मैथिली भाषामा सन्देश प्रसारण गरिएको हो ।

त्यसैगरी, पहिलो चरणमा निर्वाचन सम्पन्न भएका उच्च पहाडी जिल्लाहरूका सामाजिक परिवार तथा अन्य समुदायका बासिन्दाका लागि रेडियो धादिङ, रेडियो गोरखा र रेडियो चौतारी लमजुङबाट पनि नेपाली भाषाको सन्देश प्रसारण गरिएको थियो ।

**सहभागीको सुखद् अनुभव**

सिन्धुली जिल्लाको मरिण गाउँपालिका-६ निवासी ९० वर्षीया वृद्धा कान्छी थापाले आफूले अरुको सहयोगबिना नै मतदान गरेको बताइन् । समग्र विकास सेवा केन्द्रले आयोजना गरेको नमूना मतदान र लोकगीत प्रतियोगितामा सहभागी भएकोले आफूलाई मतदान गर्न कुनै कठिनाई नपरेको उनले बताइन् ।

सर्लाहीको बरहथवा नगरपालिका-१०, का ३५ वर्षीय मञ्जुर आलमले समग्र विकास सेवा केन्द्रको गायन प्रतियोगिता तथा नमूना मतदानमा सहभागी हुन पाएकोले मतदान गर्दा सजिलो भएको बताए ।

सप्तरीको सुरुङ्गा-१ का मालभोगदेवी सदाको अनुभव पनि सुखद् छ । उनले पनि कार्यक्रमबाट आफूले सही तरिकाबाट मतदान गर्न जानेको बताउँदै भनिन्, 'मतदान गर्दा पहिलेजस्तो बदर हुन पाएन । हाम्रो टोलका अरु मुसहर दिदीबहिनीहरूलाई पनि सजिलो भयो ।' ●

# सुशासन तथा मानवअधिकार प्रशिक्षण

लहान : समग्र विकास सेवा केन्द्रले कार्यक्रम सञ्चालन गरिरहेका तराई/मधेशका जिल्लामा कार्यरत कार्यकर्ताहरूको क्षमता अभिवृद्धिका लागि सुशासन तथा मानवअधिकारसम्बन्धी तीनदिने प्रशिक्षण सम्पन्न भएको छ ।

सिरहाको लहानमा ०७४ पुस १४-१६ गते सम्पन्न प्रशिक्षणमा सिरहा, सप्तरी, उदयपुर, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका संयोजक र उत्प्रेरकहरू गरी ३२ जना सहभागी थिए ।

प्रशिक्षणमा सुशासनका आठ खम्बा, लैंगिक समानता र सामाजिक समावेशीकरण, सूचनाको हक, मानवअधिकारको अवधारणा र विकासक्रम, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अभ्यास, मानवअधिकार उल्लंघन, ज्यादति र अपराधबीच भिन्नता र यसका आधारहरू, मौलिक हक, मानवअधिकार र शान्ति शिक्षाजस्ता विषयहरूमा प्रशिक्षण दिइएको थियो ।



अधिवक्ता मिलन श्रेष्ठले मानवअधिकारका विषयमा प्रशिक्षण दिएका थिए । राष्ट्रिय मानवअधिकार आयोग, जनकपुरका संरक्षण अधिकृत दीपकुमार यादवले मानवअधिकारको अनुगमनको सैद्धान्तिक तथा व्यावहारिक ज्ञानका विषयमा प्रशिक्षण दिएका थिए ।

# सुशासन कार्यक्रमको समीक्षा

लहान : समग्र विकास सेवा केन्द्रले 'गभर्नेन्स फ्यासिलिटी' (सुशासन कार्यक्रम) को आर्थिक सहयोगमा विभिन्न १३ जिल्लाहरूमा सञ्चालन गरिरहेको शान्ति स्थापना र प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसहरूको सशक्तीकरण अभियानको त्रैमासिक समीक्षा गरेको छ ।

सिरहाको लहानमा ०७४ पुस १३ र १४ गते सम्पन्न समीक्षा बैठकमा सिरहा, सप्तरी, उदयपुर, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालयका प्रतिनिधिहरू गरी ४० जना सहभागी भए ।

त्यसैगरी, गोरखा, धादिङ, लमजुङ र काठमाडौं जिल्लाका लागि पुस १४ र १५ काठमाडौंमा भएको समीक्षामा २५ जना सहभागी भएका थिए । सम्पन्न भएका क्रियाकलापहरू, कार्यक्रमको प्रभाव, सिकाइ भोगाइ तथा आगामी कार्ययोजनाजस्ता विषयहरूमा समीक्षा गरिएको थियो ।



# सामाजिक परिवारलाई बाकस वितरण



काठमाडौं । समग्र विकास सेवा केन्द्रले गोकर्णेश्वर नगरपालिकाको सुन्दरीजल र ओखेनी क्षेत्रमा सञ्चालनमा रहेका १२ वटा सामाजिक परिवारलाई कार्यालय सञ्चालन गर्न आवश्यक स्टेशनरीसहित बाकस वितरण गरेको छ ।

२०७४ आश्विन ३०, ३१ मा शुन्दरीजल र ओखनीमा आयोजित बाकस वितरण समारोहलाई सम्बोधन गर्दै गोकर्णेश्वर नगरपालिका, वडा नं. १ का वडाध्यक्ष राम मानन्धरले भने, 'यस कार्यले सामाजिक परिवारको संस्थागत विकासमा टेवा पुग्ने छ ।'

यसैगरी, समग्र विकास सेवा केन्द्रले कार्यक्रम सञ्चालन गरिरहेका गोरखा, धादिङ, लमजुङ, सुनसरी, सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र काठमाडौं जिल्लाका सामाजिक परिवारको खाता, अभिलेखन पुस्तिका तथा अन्य कार्यालयसम्बन्धी आवश्यक कागजातको सुरक्षाका लागि ५०० सामाजिक परिवारहरुमा बाकस वितरण गरिसकेको छ ।

# सेवादायी निकायको सामाजिक परिवारमा भ्रमण

जिल्लाका सेवा प्रदायक निकायहरु स्थानीय गाउँघरमा नै पुगेर आफूले प्रदान गर्ने सेवाका बारेमा जानकारी दिने, नागरिकहरुको आवश्यकताबारे प्रत्यक्ष बुझ्ने, तिनीहरुले गर्दै आएका सामुदायिक विकासका प्रयासबारे जानकारी लिने र उनीहरुसँग सम्बन्ध थप दरो बनाई सेवा प्रवाहलाई अझ बढी प्रभावकारी कसरी बनाउन सकिन्छ भनेर समय समयमा अन्तरक्रिया कार्यक्रमहरु हुने गर्दछ । समग्रले सामाजिक परिवारमा हुने राज्यका सेवा प्रदायी निकायहरुको यस्तो अवलोकन भ्रमण तथा अन्तरक्रियालाई सहजिकरण तथा सहयोग गर्दै आएको छ ।

गण्डकी गाउँपालिका–४, फुजेल, फूलपाती डाँडामा रहेको फूलपाती सामाजिक परिवारमा यही मंसिर २९ गेत आयोजित यस्तै खालको कार्यक्रममा सहभागी हुन पुगेका गोरखा जिल्ला समन्वय समितिका उप प्रमुख जानुका अधिकारीले यस्तो अवसर जुटाएकोमा समग्रलाई धन्यवाद दिनुभयो । उहाँले भन्नुभयो, "फूलपाती डाँडामा फुजेलका सामाजिक परिवारहरुको उपस्थिति उत्साहपूर्ण देखिएको छ । जसमा दलित महिलाहरु, जो




चूला चौकाबाट बाहिर निस्कन नसक्ने र आफ्ना कुराहरु समाजमा भन्न नसक्ने अवस्थामा थिए, उनीहरु अहिले आफ्ना कुराहरु प्रष्ट राख्न सक्ने भएको देख्दा साह्रै खुशी लाग्यो र यी महिला दिदी बहिनीहरुलाई सक्दो सहयोग गर्ने जिससको तर्फबाट गर्ने प्रतिबद्धता गर्दछु ।"

समग्रका गोरखा जिल्लाका वरिष्ठ संयोजक भरत श्रेष्ठसँगै भ्रमण दलमा फुजेल पुगेर छलफलका क्रममा उठेका जिज्ञासाहरुको जवाफ दिने र सहयोगका लागि प्रतिबद्धता गर्नेहरुमा गोरखा जिल्ला महिला तथा बालबालिका कार्यालयका सुकमाया राना र कृषि विकास कार्यालयका प्राविधिक सहायक नारायण प्रसाद घिमिरे समेत हुनुहुन्थ्यो ।

## दाइजोमा सुधारको...

अन्तर्क्रियामा मानवअधिकार आयोग, जनकपुरका दीपकुमार यादवले भने, 'पढेलेखेकासँग बराबरमा विवाह गरिदियो भने दहेज कम हुन्छ। महिला पनि दहेजको लागि जिम्मेवार देखिन्छन् । ऐन-कानुन बनाएका भरमा मात्र दहेज घट्दैन। त्यसका लागि मान्छेको मानसिकता र व्यवहारमा सुधार आउनुपर्दछ । यो संस्कृति र रीतिरिवाजसँग पनि जोडिएको छ। मान-सम्मानसँग जोडिएको छ । यसका लागि सबै मिलेर लाग्नुपर्छ ।'

महिलाअधिकारवादी गङ्गा अधिकारीले आफ्नो अनुभव सुनाइन्, 'पहिलेभन्दा दहेजको चलन बढी हुँदै गएको छ । १३ वर्षीया बालिकालाई २८ वर्षे केटासँग बिहे गरिदिने चलन छ । यसले पारिवारिक समझदारी कसरी बढाउँछ ?

दाइजो छोरीलाई दिने हो, ज्वाइँको परिवारलाई होइन। छोरी दक्ष बनाएर विवाह गरिदिने हो भने हिंसा कम हुन्छ । बालविवाहको समस्या पनि घट्छ। छोरी शिक्षित बनाएमा दहेजको प्रभाव कम हुँदै जान्छ।'

अन्तर्क्रियाको उद्घाटन प्रदेश नम्बर २ का प्रदेशसभा ज्येष्ठ सदस्य एमाले नेता लगनलाल चौधरीले फूलको गमलामा पानी हालेर गरेका थिए। अन्तर्क्रियाको सभापतित्व जिल्ला समन्वय समिति, सिरहाका सदस्य तथा फूलबारी सामाजिक परिवारका सदस्य कृष्णमाया बिकले गरेकी थिइन् ।

कार्यक्रममा समग्र विकास सेवा केन्द्रका क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोले आगन्तुकलाई स्वागत गर्दै तराई-मधेशका नौ जिल्लाका छ सय ३९ वटा सामाजिक परिवारका सीमान्तकृत मान्छेहरूलाई आफ्नो हकअधिकार स्थापित गर्न सहयोग गर्दै आइरहेको बताएका थिए। उनले तराई-



मधेशमा जरा गाडेको दहेज प्रथालाई समयअनुकूल बनाउन राष्ट्रिय मुद्दा बनाई सुधार गर्ने प्रयासमा रहेको र त्यसै अभियानको सन्दर्भमा अन्तर्क्रियाको आयोजना गरिएको बताए ।

अन्तर्क्रियामा समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमरसिंह अधिकारीले 'दहेज प्रथा र हाम्रो भूमिका' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए। उक्त कार्यपत्रमा नेपाली समाजमा विद्यमान प्रथा, चलनहरू: दहेज प्रथा: सामाजिक विकृति र अपराध, विवाह र नेपाली परम्परा, नेपाली समाजमा मौलाउँदै गइरहेको दहेज प्रथा फैलनुका कारण, दुष्प्रभाव तथा सुधारका लागि संभावित पहलहरूजस्ता विषयवस्तु समेटिएको थियो ।

अन्तर्क्रियामा आमा सामाजिक परिवार, धनगढीका सदस्य लक्ष्मी बस्नेतले भनिन्, 'समाजमा धेरै दाइजो र पैसा माग गर्ने चलन छ । यसले कयौं महिलाहरूले यातनासमेत भोगिरहेका छन् । छोरीको बाबुलाई विवाह खर्च जुटाउन अत्यन्त गाह्रो छ। सबै महिला मिलेर समस्या सामाधान गर्नुपर्छ ।'

दीनाभद्री सामाजिक परिवारका सदस्य प्रमिलादेवी सदाको अनुभव थियो, 'समाजमा पहिला दहेज प्रथा थिएन । अहिले बढेर गयो । पढे-लेखेको केटाले मोटरसाइकल र पैसा माग्ने घटना बढ्दै छ। पैसाको लोभमा बहुविवाह बढ्दै गएको छ। यसले बालविवाह पनि बढाएको छ । बालिकालाई दहेज कम लाग्ने कारणले बूढोसँग विवाह गरिदिएका घटना पनि छन् ।'

जिल्ला समन्वय समितिका सदस्य कृष्णमाया विकले अन्तर्क्रियाको समापन गर्दै भनिन्, 'समग्र विकास सेवा केन्द्रले राम्रो कामको थालनी गरेको छ। हामी सबै मिलेर सामाजिक कलङ्कको रूपमा रहेको दहेज प्रथालाई हटाउनुपर्छ ।'

अन्तर्क्रियामा सामाजिक परिवारका प्रतिनिधिहरू, अतिथि र आयोजक गरी ५८ जना सहभागी थिए । जसमध्ये महिला: ३६ र पुरुष: २२ जना थिए । ●

## स्थानीय तह सञ्चालनसम्बन्धी.....

लामो समयदेखि सामाजिक परिचालनको क्षेत्रमा काम गर्दै आइरहेको बताइन्। आफू यसअघि समग्र विकास सेवा केन्द्रको सामाजिक परिचालक भएर काम गर्ने अवसर पाएको र समग्र विकास सेवा केन्द्रकै प्रेरणाबाट उपाध्यक्षसम्म बन्न सकेको बताइन् ।

कार्यशालालाई अधिवक्ता मिलन श्रेष्ठ, प्रशिक्षक योगराज थपलिया 'गाउँले' र समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारीले सहजीकरण गरेका थिए । कार्यशालाको उद्घाटन र समापन गाउँपालिका अध्यक्ष बलबहादुर अधिकारीले गरेका थिए ।

सम्मानसँग जोडिएको छ । यसका लागि सबै मिलेर लाग्नुपर्छ ।' ●

# नयाँ संविधानसम्बन्धी जानकारी

***संविधानसभाले २०७२ असोज ३ गते नयाा संविधान जारी गऱ्यो । यो संविधानका ३५ भाग, ३०८ धारा र ९ वटा अनूसूची छन् । भाग १४ मा प्रदेश व्यवस्थापिका लिपिबद्ध छन् ।***



१७५. प्रदेश व्यवस्थापिका :
प्रदेशको व्यवस्थापिका एकसदनात्मक हुनछ जसलाइ प्रदेश सभा भनिनेछ ।
१७६. प्रदेश सभाका गठन :
(१) प्रत्येक प्रदेश सभामा देहाय बमोजिमका संख्यामा सदस्य रहनेछन :-
क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिला हुन निर्वाचित हुन निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन सदस्य संख्याका दोब्बर संख्यामा हुन आउन सदस्य,
(ख) खण्ड (क) बमोजिम कायम हुन सदस्य संख्यालाइ साठी प्रतिशत मानी बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुन सदस्य ।
(२) उपधारा (१) का खण्ड (क) बमोजिमका सदस्य निर्वाचनका लागि भूगोल र जनसंख्याका आधारमा संघीय कानून बमोजिम निर्वाचन क्षेत्र कायम गरिनेछ ।
(३) प्रदेश सभाका साठी प्रतिशत सदस्यहरू पहिला हुन निर्वाचित हुन निर्वाचन प्रणाली बमोजिम र चालीस प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुनेछन ।
(४) उपधारा (३) बमोजिम हुन प्रदेश सभा सदस्यका निर्वाचन कानून बमोजिम वालिग मताधिकारका आधारमा गाप्य मतदानद्वारा हुनछ ।
(५) अठार वष उमेर पूरा भएका प्रदेशका क्षेत्रभित्र बसाबास गन प्रत्येक नेपाली नागरिकलाइ कानून बमोजिम कुन एक निर्वाचन क्षेत्रमा मतदान गन अधिकार हुनेछ ।
(६) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुन प्रदेश सभाका निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएका क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुन व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशका भौगोलिक सन्तुलनलाइ समेत ध्यान दिन पर्नेछ ।
स्पष्टीकरण : यस भागको प्रयोजनका लागि "खस आर्य" भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, संन्यासी (दशनामी) समुदाय सम्झन पछ ।
(७) उपधारा (६) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिंदा अपांगता भएका व्यक्तिका समेत प्रतिनिधित्व हुन व्यवस्था गन पर्नेछ ।
(८) प्रदेश सभाका कार्यकाल छ महीना भन्दा बढी अवधि बाँकी छँद कुन सदस्यका स्थान रिक्त भएमा त्यस्ता स्थान जुन निर्वाचन प्रणालीबाट पूति भएका थिया सोही प्रक्रियाद्वारा पूति गरिनेछ ।
(९) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि प्रदेश सभामा प्रतिनिधित्व गन प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याका कम्तीमा एक तिहाइ सदस्य महिला हुन पर्नेछ । त्यसरी निर्वाचित गदा उपधारा (१) का खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरू मध्य कुन राजनीतिक दलका एक तिहाइ सदस्य महिला निर्वाचित नभएमा त्यस्ता राजनीतिक दलले सोही उपधाराका खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गदा आफ्ना दलबाट प्रदेश सभामा निर्वाचित हुन कुल सदस्यका कम्तीमा एक तिहाइ महिला सदस्य हुन गरी निर्वाचित गन पर्नेछ ।
(१०) प्रदेश सभाका सदस्यका लागि हुन निर्वाचनमा मतदान गन अधिकार पाएका धारा १७८ बमोजिम योग्यता पुगेको कुन पनि व्यक्ति कानूनका अधीनमा रही प्रदेशका कुन पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउनेछ ।
तर एउटै व्यक्ति एक भन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउन छैन ।
(११) प्रदेश सभाका निर्वाचन सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।
१७७. प्रदेश सभाका कार्यकाल : (१) यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रदेश सभाका कार्यकाल पाच वषका हुनेछ ।
(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएका भए तापनि सम्बन्धित प्रदेशमा संकटकालीन अवस्थाका घोषणा वा आदेश लाग रहेको अवस्थामा प्रदेश ऐन बमोजिम प्रदेश सभाका कार्यकाल एक वर्षमा नबढन गरी थप गन सकिनेछ ।
(३) उपधारा (२) बमोजिम थप गरिएका प्रदेश सभाका कायकाल सम्बन्धित प्रदेशमा संकटकालीन अवस्थाका घोषणा वा आदेश खारेज भएका मितिले छ महीना पुगेपछि स्वत: समाप्त हुनेछ ।
१७८.प्रदेश सभाका सदस्यका लागि योग्यता :
(१) देहायका याग्यता भएका व्यक्ति प्रदेश सभाका सदस्य हुन योग्य हुनेछ :-
(क) नेपाली नागरिक,
(ख) सम्बन्धित प्रदेशका मतदाता रहेको,
(ग) पच्चीस वष उमेर पूरा भएको,
(घ) नैतिक पतन देखिन फौजदारी कसूरमा सजाय नपाएको,
(ङ) कुन कानूनले अयोग्य नभएको, र
(च) कुन लाभको पदमा बहाल नरहेका ।
स्पष्टीकरण : यस खण्डका प्रयोजनका लागि "लाभका पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूति गरिन राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउन अन्य पद सम्झन पछ ।
(२) निर्वाचन, मनोनयन वा नियुक्ति हुन राजनीतिक पदमा बहाल रहेको व्यक्ति यस भाग बमोजिम प्रदेश सभाका सदस्य पदमा निर्वाचित भएमा त्यस्ता पदका शपथ ग्रहण गरेका दिनदेखि निजको त्यस्ता पद स्वत: रिक्त हुनेछ ।
१७९. प्रदेश सभाका सदस्यका शपथ : प्रदेश सभाका सदस्यहरूले प्रदेश सभा वा त्यसका कुन समितिका बैठकमा पहिला पटक भाग लिन अघि प्रदेश कानून बमोजिम शपथ लिन पर्नेछ । ●

क्रमश:...

# दु:ख छिचोलेर गाउँकी अगुवा

लमजङ सदरमुकाम बेसीशहर नगरपालिका वडा नं. ८ की कुमारी नेपाली । उनी दिगोज्योति सामाजिक परिवारकी अध्यक्ष छिन् । बिहे भएको पनि ४२ वर्ष भयो । बिहे हुँदा उनी १६ वर्ष मात्र टेकेकी थिइन् । बाबुआमाको रोजाइका भारतीय सेनामा कार्यरत चिनबहादुर नेपालीसँग लगनगाँठो कसिएको थियो ।

तनहुँ जिल्लाको पुर्कोट हो कुमारीको माइतीमा छ जना दिदीबहिनी र दुई दाजुभाइ । १० जनाको ठूलो परिवार थियो । दु:खले हुर्केकी छोरी । बजारमा घर भएको 'लाहुरे' केटा पाएपछि बिहे गरिदिए- बाबुआमाले ।

बिहे त भयो तर घर गरिखान सजिलो थिएन । पतिले आफूसँगै लान चाहे तर पहाडको चिसो हावापानीमा हुर्केकी केटी, भारतको गर्मीमा पुग्दा न खानपिन मिल्थ्यो न रहनसहन । त्यहाँ दिन काट्नै मुस्किल थियो ।

भारतमा दुई वर्ष बिताएर घर आइन्-कोसेली चाहिँ छोरा लिएर । पति दुई महिनापछि भारत फर्के, उनलाई यतै छाडेर ।

लाहुरे पल्टनमा फर्केको केही समयपछि उनले सुनिन्- तेरो लाहुरेले त भारतमै कान्छी ल्याएको छ रे, बाबै ! 'यो सुनेपछि त म छाँगोबाट खसेजस्तो भएँ, वास्तविकता बुझ्न म फेरि भारत गएँ', कुमारीले भनिन्, 'यो पटक मलाई खानबस्न पनि धौ-धौ भयो । साथीभाइ इस्टमित्रले छ महिना बचाए । बूढाले भारतीय महिला ल्याएको थाहा भो र घर फर्कें ।'

घरमा केही थिएन । परिवार र बालबच्चालाई खुवाउने अन्न र आङ ढाक्ने एकसरो लुगा पुऱ्याउनै समस्या पऱ्यो । 'दिनभरि साहूको मेलामा जान्थेँ, ज्याला जम्मा ६ रूपैयाँ पाउँथे', कुमारी अभाव र मनमा अशान्तिका ती दिन सम्झन्छिन्, 'त्यसले पनि गुजारा चलेन । बिहानबेलुका घरमा रक्सी पार्न थालें । रक्सी बेचेर दिनको ६ रुपियाँ आउँथ्यो । दिनमा जम्मा १२ रूपैया कमाएपछि छाक टार्न सजिलो भयो ।'

कलिला लालाबालालाई पेटभरि खान दिन नसकेको ती दिन सम्झँदा अझै मुटुमा भक्कानो फुट्छ, कुमारीको । लोग्नेले



**कुमारी नेपाली, अध्यक्ष**
**दिगोज्योति सामाजिक परिवार**
**बेशीसहर नगरपालिका-८, लमजुङ**

नहेरेपछिका ती दिनको दु:ख कुमारी सम्झिन्छिन्, 'क्षेत्रीहरूको मेलामा जान्थे खान दिएको खाजा घरमा छोराछोरीलाई भनेर पोटुकामा राख्थें । मेलाबाट साँझ घर फर्कदा भोकै बाटो हेरेर रोइरहेका हुन्थे । पटुकी फुकाएर दिउँसोको खाजा दिन्थें, रमाई-रमाई खान्थे ।'

बिस्तारै समय बित्दै गयो, बालबच्चा हुर्कदै गए । 'माथिल्लो टोलका छेत्रीसँग हामी दलित पनि मिलेर दिगोज्योति समूह बनायौं-२६ जनाको । २० रूपैयाँका दरले वचत उठाउन लाग्यौं', कुमारी सम्झन्छिन्, 'समूहमा बसेपछि गाउँघरमा नाचगान रमाइलो गरिन्थ्यो । छेत्रिनीहरू नाचगानमा आउँदैनथे तर पैसा लिने बेलामा चाहिँ हतारिएर पुग्थे । एउटै समूहमा थिए तर दलित-गैरदलितबीच छुवाछुत कायमै थियो ।'

मिलेको गाउँले मिलेर बसौं भनी फेरि प्रयास थालियो । 'फेरि मासिक ५० रुपैयाँका दरले उठाउन थाल्यौं । नेतृत्वको अभावले फेरि विवाद भयो । केही समयपछि त्यो पनि बाँड्यौं', उनले प्रयास सुनाइन् ।

यस्तै क्रम चल्दै थियो । २०७२ साल बैशाख महिनामा समग्र विकास सेवा केन्द्र पुग्यो बेसीसहर । 'कुरा सुन्दा आमा समूहभन्दा सामाजिक परिवार राम्रो लाग्यो । अनि यता आवद्ध भयौं', कुमारीले भनिन्, 'अहिले सबै सदस्यहरूको जीवनमा परिवर्तन भएको छ । अहिले एक सयबाट बढाएर मासिक दुई सय उठाउँछौं । कोषमा नौलाख नाघेको छ । सामाजिक कामका लागि भाडावर्तन पनि जोडेका छौं ।'

सामाजिक परिवारको काम देखेर एक जना विदेशीले पनि दुई पटक गरी ५४ हजार रुपैयाँ सहयोग गरे । त्यो पैसा वनभोज स्थल बनाउन डोजर लगाएका छन् ।

सामाजिक परिवारले सहयोग माग्ने मात्र हैन, सहयोग पनि गर्छ । । कुमारीले भनिन्, 'खेलमैदान बनाउन पाँच हजार एक सय, जनविकास विद्यालय भवन बनाउन पाँच हजार एक सय, गाउँको नानी बिरामी हुँदा आठ हजार, मानव सेवा आश्रम बेसीशहरलाई १२ हजार रुपैयाँ सहयोग दिएका छौं । थुप्रै संघसंस्थालाई सहयोग गरेका छौं ।'

सामाजिक परिवारले झगडा गरेर नै भए पनि धेरै विकासका योजना पारेको छ । 'बाटोको लागि दुई लाख, किशोर सँगम बालक्लबका लागि एक लाख, र सामाजिक परिवारका लागि ५० हजार रूपैया नगरपालिकाबाट प्राप्त गरेका छौं । ८० हजारको बगैचा बाल उधान पार्क निर्माण गरेका छौं । मोटर बाटो निर्माण गर्न दुई लाख पारेका छौं । अर्को वर्षका लागि १० लाखको प्रस्ताव पेश गरेका छौं', उनले विकासमा आफ्नो सामाजिक परिवारको पहल बेलीविस्तार लगाइन् ।

कुमारी नेपाली अहिले गाउँकी अगुवा भएकी छिन् । सामाजिक परिवारले गाउँघरका झगडा मिलाउँछ । मानवअधिकारको अनुगमन गर्छ । दिदीबहिनीलाई दु:ख पर्दा सहयोग गर्छ । पहिला ५ वर्ष पनि अध्यक्ष भएर चलाएकी थिइन् उनले । बीचमा साथीलाई पनि अवसर दिनुपर्छ भनी छाडिन् तर आफ्नै कामले फुर्सद पाएनन् अरुले । फेरि अध्यक्ष उनी नै भइन् । अहिलेको सामाजिक परिवारका कामबारे उनले भनिन्, 'मानवअधिकार हनन् भयो भने छानविन गर्छौं । द्वन्द्व मिलाउछौं । हामीले मिलाउन नसक्ने प्रहरीमा पनि पठाउछौं ।'